नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**सार्वजनिक खरिद अनुगमन कार्यालय**
रेडक्रसमार्ग, ताहाचल, काठमाडौं
फोन नं. - ०१-४२८५४४२
फ्याक्स नं.-०१-४०३०५७३
Email - monitoring.ppmo@gmail.com

पत्र सं.- ०७७/७८
च.नं.-

मितिः २०७८।०३।१७

# प्रेस विज्ञप्ति

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ को उपदफा (२) मा सार्वजनिक निकायले खरिद सम्बन्धी कार्य गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको योग्यता भएको र खरिद कार्य सम्बन्धी ज्ञान भएको वा तालिम प्राप्त गरेको कर्मचारीबाट गराउनु पर्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिद सम्बन्धी कार्यलाई पारदर्शी, वस्तुनिष्ठ एवम् विश्वसनीय बनाउन सार्वजनिक निकायहरूमा खरिद महाशाखा वा एकाईको गठन विधि र सदस्य संख्या निर्धारण, खरिद एकाई प्रमुख र सदस्यको योग्यता निर्धारण, बोलपत्र मूल्याङ्कन समितिमा काम गर्ने कर्मचारीको योग्यता निर्धारण, खरिद सम्झौता व्यवस्थापन/कार्यान्वयनमा काम गर्ने कर्मचारीको योग्यता, खरिद कार्यमा संलग्न कर्मचारीलाई तालिम र क्षमता विकास कार्यक्रम, आन्तरिक नियन्त्रण प्रणाली र खरिद कार्यमा संलग्न हुने कर्मचारीको स्वार्थ बाझिन नहुने लगायतका विषयमा निश्चित आधार, योग्यता र मापदण्ड समावेश गरी यस कार्यालयबाट तर्जुमा गरिएको **"सार्वजनिक निकायमा खरिद सम्बन्धी कार्य गर्ने कर्मचारीको योग्यता निर्धारण मापदण्ड, २०७८"** आज मिति २०७८।०३।१७ गते नेपाल सरकार (सचिवस्तर) को निर्णयानुसार स्वीकृति गरी जारी गरिएकोले सबै सार्वजनिक निकायहरूले यस मापदण्ड बमोजिम कार्य गर्न गराउन अनुरोध गरिन्छ ।

२०७८/०३/१७

विष्णु प्रसाद कोइराला
सहसचिव/प्रवक्ता